# आठविसकोट सीपमूलक एवम् व्यवसायिक तालिम केन्द्र सञ्चालन सम्बन्धी कार्यविधि, २०७५

**प्रस्तावना** : देशको आर्थिक उन्नतिका लागि योग्य, सक्षम, प्रतिस्पर्धी र उत्पादनशील जनशक्ति तयार गर्न र सबैका लागि रोजगारीका अवसर सिर्जना गर्न प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमका अवसरहरूको व्यापक विस्तार गरी सबै इच्छुक नागरिकहरूका लागि समावेशी एवम् समतामूलक पहुँच स्थापित गर्न,

परम्परागत सीप, क्षमता र योग्यताको पहिचान, संरक्षण, संवर्धन र विकास गर्नुका साथै औपचारिक तथा अनौपचारिक रूपमा सिकेका सीपलाई समेत समेटी राष्ट्रिय र अन्तर्राष्ट्रिय रोजगार बजारको मागअनुरूप उपयुक्त, सान्दर्भिक एवम् गुणस्तरीय प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिम प्रदान गर्न,

प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिम प्रदायक निकाय तथा संस्थाहरूलाई समन्वयात्मक रूपबाट अघि बढाई स्रोत र साधनको अधिकतम उपयोग गर्न,

सीपमूलक एवम् व्यवसायिक तालिम केन्द्र सञ्चालनको लागि कानूनी व्यवस्था गर्न वाञ्छनिय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) को ज. (३) बमोजिम आठविसकोट नगर कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम "आठविसकोट सीपमूलक एवम् व्यवसायिक तालिम केन्द्र सञ्चालन सम्बन्धी कार्यविधि, २०७५" रहनेछ ।

(२) यस निर्देशिका नगर कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागु हुनेछ ।

२. **परिभाषा: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,**

(१) "नगरपालिका" भन्नाले आठविसकोट नगरपालिकालाई सम्झनु पर्दछ ।

(२) "तालिम केन्द्र" भन्नाले वडा नं. १० स्थित ठूलाकोट मैडाडाँमा स्थापना र सञ्चालन हुने आठविसकोट सीपमूलक एवम् व्यवसायिक तालिम केन्द्रलाई सम्झनु पर्दछ ।

(३) "सीपमूलक तथा व्यवसायिक तालिम" भन्नाले यस कार्यविधिको अनुसूची १ मा उल्लेख भए अनुसारका न्यूनतम ३९ घण्टादेखि अधिकतम १५०० घण्टासम्म सञ्चालन हुने मुख्यतया कृषि, इन्जिनियरिङ, स्वास्थ्य, पर्यटन, व्यवस्थापन, कम्प्युटरजस्ता विषयमा सञ्चालन गरिने छोटो अवधिका तालिमहरुलाई सम्झनु पर्दछ ।

(४) "प्राविधिक शिक्षा" भन्नाले यस कार्यविधिको अनुसूची २ मा उल्लेख भए अनुसारका विधा र विषयमा सञ्चालन गरिने विद्यार्थीलाई प्रयोगात्मक विज्ञान र आधूनिक प्रविधिसँग सम्बन्धित व्यवसायको लागि शैक्षिक एवम् व्यवहारिक दुवै रुपले तयार पार्ने शिक्षालाई सम्झनु पर्दछ ।

(५) "समिति" भन्नाले यस खण्ड बमोजिम गठित सीपमूलक एवम् व्यवसायिक तालिम केन्द्र सञ्चालक समितिलाई सम्झनु पर्दछ ।

(६) "तालिम" भन्नाले कुनै व्यक्तिको सामर्थ्य, क्षमता, उत्पादकत्व र कार्य सम्पादनस्तरमा सुधार गरी प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धिको लागि शिक्षण वा सीप र ज्ञानको दायरा बढाउने कार्य बुझ्नु पर्दछ ।

(७) "सरकार" भन्नाले संघ, प्रदेश तथा स्थानीय सरकारलाई सम्झनु पर्दछ ।

३. **नगरपालिकाको पूर्ण लगानीमा सञ्चालन गरिने**: (१) तालिम केन्द्रको सञ्चालन नगरपालिकाको पूर्ण लगानीमा हुनेछ ।

(२) तालिम केन्द्र सञ्चालनको लागि नगरपालिकाले संघीय सरकार तथा प्रदेश सरकारसँग भौतिक संरचना निर्माण, जनशक्ति व्यवस्थापन, तालिम सञ्चालनको लागि आवश्यक उपकरण खरिद लगायतको कार्य गर्न आवश्यक समन्वय, सहकार्य र साझेदारी गर्नेछ ।

४. **नगरपालिकाको प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम सीप विकाससम्बन्धी नीति** : सीपमूलक तथा व्यावसायिक तालिम केन्द्र सञ्चालनको सन्दर्भमा नगरपालिकाको **प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम र सीप विकाससम्बन्धी नीति** देहाय बमोजिम हुनेछ :

| उपलब्धिहरू | मुख्य नीतिगत क्षेत्र | रणनीतिहरू |
|---|---|---|
| **इच्छुक नागरिकहरुको लागि**<br>इच्छुक नेपाली नागरिकहरूका लागि कम्तीमा ३ महिना अवधिको रोजगारीमूलक निःशुल्क तालिमको अवसर र जीवनपर्यन्त सिकाईका लागि सःशुल्क तालिमका अवसरहरू प्रदान हुनेछन । | तालिमका अवसरहरूमा व्यापक विस्तार(Expansion) | • लचिलोपन, नियमन, स्वायत्तता, विकेन्द्रीकरण अवलम्बन गरिने ।<br>• संस्थागत र भरपर्दो तालिम प्रदायकहरूलाई प्रारम्भिक तहको सहयोग निःशुल्क गरिने ।<br>• उत्पादनको गुणस्तरको सुनिश्चितता (राष्ट्रिय व्यावसायिक स्तरसँग सुहाउँदो प्रदान गरिने ।<br>• उपभोक्ताको हक, हित, सुरक्षित गर्ने तत्वका रूपमा वस्तुगत कार्यसम्पादन, पारदर्शिता र गुणस्तर चिन्हहरूको व्यवस्था गरिने । |
| **तालिम प्रदायकहरूका लागि**<br>विद्यालयबाट बाहिरिएका युवाहरूका लागि सीप विकास गर्ने काममा सहयोग गर्न र राष्ट्रिय जनशक्तिको विकासमा सहयोग गर्न प्रोत्साहन मिल्नेछ । | तालिम आवश्यक पर्ने सबै नागरिकका लागि पहुँचको सुनिश्चितता र समावेशीकरण (Inclusion and Access) | • न्यूनतम सुविधाबाट वञ्चित समूहका नागरिकहरूका लागि प्रशिक्षण शुल्क र निर्वाह भत्ता सुनिश्चित गरिने ।<br>• खुल्ला परीक्षणको व्यवस्थाका लागि पूर्व सिकाईको अनुभवलाई मान्यता दिइने ।<br>• प्रवेश तहमा व्यवसायिक मापदण्डहरू निर्धारण गरिने ।<br>• शैक्षिक मूलप्रवाहका लागि तयारीका कार्यक्रमहरू सञ्चालन गर्ने र<br>• प्रशिक्षणका सहयोगी सामग्रीहरू निर्माण गरिने । |
| **व्यवसाय गर्ने समुदायका लागि**<br>दक्ष र आत्मविश्वास कामदारको आपूर्ति गर्ने काममा व्यापक विस्तार हुनेछ । यसबाट राष्ट्रिय उत्पादकत्वमा अभिवृद्धि हुनेछ । | विभिन्न प्रकृतिका तालिम र व्यावसायिक वृत्तिविकासको प्राज्ञिक मार्गको (Pathways)<br>भरपर्दो एकीकरण र संयोजन (Integration) | • व्यावसायिक योग्यताको प्रारूप तयार गरी सो प्रारूपभित्र औपचारिक र अनौपचारिक तालिम का विषयवस्तुलाई सिकाईकाश्रेणीका मार्गका रूपमा विकास गरिने ।<br>• साधारण शिक्षाले निर्धारण गरे अनुसारको प्राज्ञिक योग्यताको समकक्षी बनाउन नपुग पाठ्यक्रमहरू तयार गरिने ।<br>• विशिष्टीकृत पेसागत वृत्ति विकासका तहहरूको प्रवर्द्धन गर्ने ।<br>• जनशक्तिलाई वृत्तिविकासमा टेवा पुग्ने गरी जीवनपर्यन्त सिकाइका लागि मार्गदर्शन (Career guidance) तयार गर्ने । |
| **सार**<br>प्राविधिक शिक्षा, व्यावसायिक तालिम र सीप विकासका लागि सबल र सक्रिय बजारको विकास हुनेछ । | सिकारुको दक्षता वृद्धि र पाठ्यवस्तुको सान्दर्भिकता (Relevance) मा जोड | • औद्योगिक अनुभवसहितका र कार्य सञ्चालन अनुमतिपत्र भएका (Licensed trainers) प्रशिक्षकहरू तयार गर्ने ।<br>• आवश्यकता पहिचान गरी पेसागत मापदण्डमा आधारित पाठ्यक्रमहरू तयार गर्ने ।<br>• व्यावहारिक तालिम (कार्यगत र परियोजनाहरू)को व्यवस्था गर्ने<br>• स्वायत्त परीक्षा र प्रमाणपत्र प्रणालीको विकास गरिने । |
| | दिगो (sustained) लगानी (Funding ) कोष र संयन्त्रहरू | • सरकारी लगानीमा व्यापक अभिवृद्धि गरिने ।<br>• निःशुल्क तीन महिने तालिम को व्यवस्था गरिने ।<br>• दातृ निकायबाट हुने सहयोगको सामूहिक र एकीकृत उपयोग गरिने ।<br>• नगरस्तरमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम विकास कोष (Fund) को व्यवस्था गरिने ।<br>• विगतमा छात्रवृत्ति पाएर तालिम प्राप्त गर्नेहरूबाट हुन सक्ने सहयोगका सम्भावनाको खोजी गरिने । |

५. **प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद(CTEVT)सँग आवद्धता** :- (१) तालिम केन्द्रमा सञ्चालन हुने छोटो अवधिका तालिम एवम् अध्यापन गराईने प्रविणता प्रमाणपत्र/प्रमाणपत्र तहका प्राविधिक विषयहरुलाई प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्सँग आवद्ध गरी सञ्चालन गरिनेछ ।

(२) तालिम केन्द्रमा सञ्चालन हुने छोटो अवधिका तालिम एवम् अध्यापन गराईने प्रविणता प्रमाणपत्र/प्रमाणपत्र तहका विषयहरुको सम्बन्धमा संघीय सरकार एवम् प्रदेश सरकारसँग समेत समन्वय र सहकार्य गरिनेछ ।

६. **सीपमूलक एवम् व्यवसायिक तालिम केन्द्र व्यवस्थापन समिति** : (१) तालिम केन्द्रलाई व्यवस्थित एवम् प्रभावकारी रुपमा सञ्चालन गर्न तथा गराउन देहाय बमोजिमको सीपमूलक एवम् व्यवसायिक तालिम केन्द्र व्यवस्थापन समितिको गठन गरिनेछ :-

(क) नगर कार्यपालिकाले तोकेको कम्तिमा कुनै विषयमा मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक तह उत्तिर्ण गरी शैक्षिक परामर्श सेवा वा समाजसेवाको कार्यमा ख्याति प्राप्त गरेको उच्च नैतिक चरित्र भएको व्यक्ति : अध्यक्ष

(ख) सम्बन्धित वडाको वडाध्यक्ष : सदस्य

(ग) नगर कार्यपालिका सदस्यहरुमध्येबाट नगर कार्यपालिकाले तोकेको एक जना सदस्य : सदस्य

(घ) शिक्षा, युवा तथा खेलकूद शाखा प्रमुख : सदस्य

(ङ) नगर शिक्षा समितिले तोकेको समाजसेवी बुद्धिजीविहरुमध्येबाट एक जना महिला सहित दुई जना : सदस्य

(च) तालिम केन्द्रको प्रमुख प्रशासक : सदस्य सचिव

(२) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) तालिम केन्द्र सञ्चालनको लागि आवश्यक भौतिक संरचना निर्माण, जनशक्ति व्यवस्थापन, उपकरण खरिद लगायतको कार्य गर्न संघीय सरकार, प्रदेश सरकार एवम् सरोकारवाला अन्य निकायहरुसँग आवश्यक समन्वय र सहकार्य गर्ने

(ख) तालिम केन्द्र सञ्चालनको लागि नगर कार्यपालिकाले गरेका नीतिगत, कानूनी एवम् संस्थागत निर्णयहरुको कार्यान्वयन गर्ने तथा गराउने

(ग) तालिम केन्द्रको सञ्चालन, रेखदेख, निरीक्षण र व्यवस्थापन गर्ने,

(घ) तालिम केन्द्रको लागि चाहिने आर्थिक स्रोत जुटाउने,

(ङ) तालिम केन्द्रमा कार्यरत प्रशिक्षक, शिक्षक तथा कर्मचारीहरूको सेवाको सुरक्षाको लागी पहल गर्ने,

(च) तालिम केन्द्रको शैक्षिकस्तर वृद्धि गर्न आवश्यक सामान तथा शैक्षिक सामग्रीहरूको व्यवस्था गर्ने,

(छ) तालिममा सहभागि प्रशिक्षार्थी विद्यार्थीहरुले पालना गर्नु पर्ने आचार संहिता बनाई लागू गर्ने,

(ज) प्रशिक्षक, शिक्षक तथा कर्मचारीहरूको अभिलेख अध्यावधिक गराई राख्ने,

(झ) विद्यार्थी, शिक्षक, कर्मचारी तथा अभिभावकलाई विद्यालयको विकास तथा पठनपाठन तर्फ उत्प्रेरित गर्ने व्यवस्था मिलाउने,

(ञ) वार्षिक रुपमा तालिम केन्द्रको लागि आवश्यक मालसामान, मसलन्द सामग्रीको खरिद योजना निर्माण गरी नगर कार्यपालिकाबाट स्वीकृत गराउने,

(ट) **तालिम केन्द्रको** विपद, जोखिम अवस्था लेखाजोखा गरी प्रभाव न्यूनिकरणका लागि कार्ययोजना बमोजिम कार्यान्वयन गर्ने,

(ठ) **तालिम केन्द्रको** चल अचल सम्पत्तिको संरक्षण र सदुपयोग गर्ने,

(ड) शिक्षक, **प्रशिक्षक** एवं कर्मचारीलाई मापदण्ड बनाई पुरस्कृत गर्ने

७. **समितिको बैठक सम्बन्धी कार्यविधि :** (१) समितिको बैठक दुई महिनामा कम्तीमा एक पटक बस्नेछ।

(२) **सञ्चालक** समितिको बैठक समितिको अध्यक्षको निर्देशनमा सदस्य सचिवले बोलाउनेछ।

(३) उपखण्ड (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि व्यवस्थापन समितिका एक तिहाई सदस्यले लिखित अनुरोध गरेमा व्यवस्थापन समितिको सदस्य-सचिवले जहिलेसुकै पनि व्यवस्थापन समितिको बैठक बोलाउनु पर्नेछ।

(४) समितिको बैठकमा छलफल हुने विषय सूची सदस्य-सचिवले साधारणतया बहत्तर घण्टा अगावै सदस्यहरूलाई दिनु पर्नेछ।

(५) समितिमा तत्काल कायम रहेका पचास प्रतिशत भन्दा बढी सदस्यहरू उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ।

(६) समितिको बैठकको अध्यक्षता अध्यक्षले र निजको अनुपस्थितिमा जेष्ठ सदस्यले गर्नेछ।

(७) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिन सक्नेछ।

(८) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

८. **समितिको अध्यक्ष र सदस्य हुन नसक्ने** :- देहायको व्यक्ति व्यवस्थापन समितिको अध्यक्ष र सदस्य हुन सक्ने छैन :

(क) गैर नेपाली नागरिक,

(ख) पच्चीस वर्ष उमेर पूरा नभएको,

(ग) प्रचलित कानून बमोजिम कालो सूचीमा परेको,

(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहरिएको,

(ङ) प्रचलित कानून बमोजिम नगरपालिकामा तिर्नुपर्ने कर नतिरेको,

(च) मादक पदार्थको सेवन गर्ने, लागू पदार्थ दुर्व्यसनीमा फसेको, बहुविवाह, बालविवाह गरेको तथा यस्तै अन्य सामाजिक विकृति र विसंगतिमा संलग्न रहेको ।

९. **व्यवस्थापन समिति विघटन गर्न सक्ने** : देहायका अवस्थामा शिक्षा समितिको सिफारिसमा नगर कार्यपालिकाले सञ्चालक समिति विघटन गर्न सक्नेछ -

(क) तालिम केन्द्रको सम्पत्ति हिनामिना गरेमा,

(ख) तालिम केन्द्रको शैक्षिक वातावरण खल्बल्याएमा,

(ग) प्रचलित कानुन तथा नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहको नीति एवम् हित विपरीत काम गरेमा,

(घ) तालिम केन्द्रको व्यवस्थापन सन्तोषजनक रूपमा गर्न नसकेमा, वा

(ङ) सम्बन्धित निकाय वा अधिकारीले दिएको कानून अनुसारको निर्देशन उलंघन गरेमा ।

१०. **तालिम केन्द्रको लागि जनशक्ति** : (१) तालिम केन्द्र सञ्चालनको लागि स्थायी वा करार जनशक्तिको व्यवस्था गर्नुपर्नेछ ।

(२) उपखण्ड (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि स्थायी जनशक्ती उपलब्ध नहुन्जेलसम्मका लागि वैकल्पिक व्यवस्थाबाट तालिम केन्द्र सञ्चालन गर्न बाधा पर्ने छैन ।

(३) स्थायी वा करार जनशक्ती नगरपालिकाले प्रचलित नियमानुसार पुर्ति गर्नेछ ।

(४) तालिम केन्द्र सञ्चालनको लागि कम्तीमा देहाय बमोजिमको जनशक्ती रहनेछ ।

| क्र.स. | पद | सेवा/समूह | संख्या | कैफियत |
|---|---|---|---|---|
| १. | प्रमुख प्रशासक | रा.प. तृतिय वा अधिकृत सातौं/आठौं | १ | |
| २. | सहायक प्रशासक | रा.प. अन. प्रथम वा अधिकृत छैठौं/ सहायक पाँचौ | १ | |
| ३. | प्रशिक्षक | रा.प. तृतिय वा अधिकृत सातौं/आठौं वा मा.वि. शिक्षक सरह | प्रति संकाय कम्तिमा १ | थप आवश्यकता अनुसार |
| ४. | सहायक प्रशिक्षक | रा.प. अन. प्रथम वा अधिकृत छैठौं/सहायक पाँचौ वा आधारभूत तह (६-८) शिक्षक सरह | प्रति संकाय कम्तिमा १ | थप आवश्यकता अनुसार |
| ५. | लेखापाल | रा.प. अन. प्रथम वा अधिकृत छैठौं/ सहायक पाँचौ | १ | |
| ६. | तालिम व्यवस्थापक | रा.प. अन. द्धितिय वा सहायक पाँचौं/ चौथो | ५ | |
| ७. | नगर प्रहरी | श्रेणीविहीन | ३ | |
| ८. | कार्यालय सहयोगी | श्रेणीविहीन | २ | |
| ९. | स्वीपर | श्रेणीविहीन | २ | |

(५) उपखण्ड (४) मा जुनसुकै कुरा लेखिएता पनि तालिम केन्द्रले कार्यबोझ र दैनिक खटनपटनका आधारमा नगरपालिकासँग समन्वय गरेर जनशक्तीमा थपघट गर्न सक्नेछ ।

(६) प्रमुख प्रशासक नतोकिएसम्मको लागि शिक्षा, युवा तथा खेलकूद शाखा प्रमुखले प्रमुख प्रशासकको रुपमा र सोही शाखामा कार्यरत अन्य कर्मचारीहरुले जिम्मेवारी र हैसियत अनुसार सहायक प्रशासक र तालिम व्यवस्थापकको रुपमा काम गर्नेछन् ।

११. तालिम केन्द्रमा सञ्चालन हुने तालिम तथा विषयहरु : (१) तालिम केन्द्रमा छोटो अवधिका अनुसूची १ मा उल्लेख बमोजिमका सीपमूलक तथा व्यवसायिक तालिम सञ्चालन हुनेछन् ।

(२) तालिम केन्द्रमा अनुसूची २ मा उल्लेख भए अनुसारको प्राविधिक शिक्षा सञ्चालन गर्न सकिनेछ ।

तर खण्ड १ र खण्ड २ मा जुनसुकै कुरा लेखिएको भएता पनि तालिम केन्द्रमा सञ्चालन हुने छोटो अवधिका सीपमूलक तथा व्यवसायिक तालिमहरुको संख्या र विभिन्न संकायमा सञ्चालित प्राविधिक शिक्षामा थपघट गर्न सकिनेछ ।

**१२.** भौतिक पूर्वाधार निर्माण, अनुदान र लेखा प्रणाली सम्बन्धी ब्यवस्था : **तालिम केन्द्रमा** प्राविधिक, **सीपमूलक** तथा व्यावसायिक **तालिम** संचालन गर्न निम्नानुसार भौतिक पूर्वाधार, अनुदानको ब्यवस्था हुनेछ ।

(क) **तालिम केन्द्रमा सञ्चालन हुने तालिम तथा विषयहरुको** स्वीकृत पाठ्यक्रममा निर्धारित पाठ्यभार अनुसार **र प्रचलित पूर्वाधार सम्बन्धि संघ, प्रदेश वा नगरपालिकाले तोकेको मापदण्ड** बमोजिमका आवश्यक भौतिक पूर्वाधार (जग्गा, **भवन तथा** कक्षा कोठा, कार्यशाला भवन, फर्निचर, **सवारी साधन, तालिम उपकरण** आदि) जुटाउनु पर्नेछ ।

(ख) प्राविधिक तथा व्यवसायिक शिक्षा संञ्चालन गर्न आवश्यक पर्ने प्रयोगशाला, कार्यशालाका लागि आवश्यक मेशिन, उपकरण, औजार व्यवस्थापनका लागि **संघीय सरकार, प्रदेश सरकार, नगरपालिकाको** स्रोतको साथै सामुदायिक र स्थानीय स्रोतको उपयोग गरिनेछ ।

**(ग) तालिम केन्द्रको** आय ब्ययको लेखा **नगर** शिक्षा नियमावलीमा तोकिएको ढाँचामा राख्नु पर्नेछ ।

(च) **तालिम केन्द्रको** लेखाको लेखा परीक्षण **नगर** शिक्षा नियमावलीमा ब्यवस्था गरे वमोजिम गराउनु पर्नेछ ।

**१३.** पाठ्यक्रम, परीक्षा र मूल्याङ्कन **:- (१) तालिम केन्द्रले** प्राविधिक तथा व्यावसायिक तर्फको पाठ्यक्रम मध्ये अनिवार्य विषय (CORE Subject) को पाठ्यक्रम शिक्षा, **विज्ञान तथा प्रविधि** मन्त्रालय, पाठ्यक्रम विकास केन्द्रले विकास **गरेको** र प्राविधिक तथा व्यावसायिक शिक्षा विषय र सीपमूलक तथा व्यवसायिक तालिम तर्फ प्राविधिक तथा व्यावसायिक तालिम परिषद्ले विकास गरेको पाठ्यक्रम लागू गर्नेछ ।

**(२) तालिम केन्द्रमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र प्राविधिक तथा व्यावसायिक तालिम परिषद्सँग समन्वय गरी स्थानीय पाठ्यक्रम समेत लागू गर्न सक्नेछ ।**

**१४.** पाठ्यक्रम विकास केन्द्र र परिषद् दुबैतर्फबाट विकास भएको अनिवार्य विषयको पाठ्यक्रम र प्राविधिक तथा व्यावसायिक शिक्षा विषयको पाठ्यक्रम तालिम केन्द्रमा सञ्चालन हुने प्राविधिक तथा व्यवसायिक शिक्षा **तर्फको पाठ्यक्रम र परिषद्बाट विकास भएको सीपमूलक एवम् व्यावसायिक तालिम विषयको पाठ्यक्रम सीपमूलक तथा व्यावसायिक तालिम** तर्फको पाठ्यक्रम हुनेछ ।

**१५.** **तालिम केन्द्रमा** सञ्चालन हुने प्राविधिक तथा व्यावसायिक शिक्षा तर्फको पाठ्यक्रम निर्धारण पाठ्यक्रम विकास केन्द्रले र परीक्षा तथा मूल्यांकन सम्वन्धी कार्य **संघीय तथा प्रदेश कानून बमोजिम तोकिएको निकायले गर्नेछ ।**

**१६.** **आर्थिक व्यवस्थापन** : (१) सीपमूलक एवम् व्यवसायिक तालिम केन्द्रको अलगै खाता हुनेछ ।

(२) उपदफा (१) बमोजिमको खाताको सञ्चालन प्रमुख प्रशासक वा निजले तोकेको व्यक्ति र लेखा प्रमुखको संयुक्त दस्तखतमा सञ्चालन हुनेछ ।

(३) उपदफा (१) बमोजिमको खातामा देहायका रकम जम्मा हुनेछ ।

(क) संघ तथा प्रदेश सरकारबाट प्राप्त रकम

(ख) तालिम केन्द्रको दैनिक आम्दानीबाट प्राप्त रकम

(ग) नगरपालिकाबाट प्राप्त रकम

(घ) तालिम केन्द्रको नाममा प्राप्त अन्य जुनसुकै रकम

१७. **नगरपालिकाको संचित कोषमा जम्मा गर्नुपर्ने** : तालिम केन्द्रको नाममा प्राप्त सम्पूर्ण आम्दानी रकम चौमासिक रुपमा नगरपालिकाको संचित कोषमा जम्मा गर्नुपर्नेछ ।

१८. **संरक्षक रहने : नगर प्रमुखले सीपमूलक एवम् व्यावसायिक तालिम केन्द्रको संरक्षकको रुपमा कामकाज गर्नुपर्नेछ ।**

१९. **निर्देशन दिन सक्ने** : यस कार्यविधिमा उल्लेख गरिएका बाहेक तालिम केन्द्रलाई नगरपालिकाले समयसापेक्ष तालिम केन्द्र सञ्चालन सम्बन्धी विषयमा आवश्यक निर्देशन दिन सक्नेछ र सो निर्देशन पालना गर्नु तालिम केन्द्रको कर्तव्य हुनेछ ।

२०. **प्रचलित कानुन कमोजिम हुने** : यस कार्यविधिमा उल्लेख नभएका विषयमा प्रचलित कानुनमा लेखिए बमोजिम हुनेछ ।

२१. **संशोधन तथा हेरफेर** : (१) यस कार्यविधिमा उल्लेख भएका कुनै विषयको संशोधन तथा हेरफेर नगर कार्यपालिकाले गर्न सक्नेछ ।

आठविसकोट नगरपालिका, रुकुम(पश्चिम)

## अनुसूची १

| Vocational Training | | | | | |
|---|---|---|---|---|---|
| **S.N.** | **Subject** | **Duration** | **S.N.** | **Subject** | **Duration** |
| | **Animal Science** | | | **Civil** | |
| 1 | Dairy Product and Sweets maker | 550 hrs | 1 | Mason | 390 hrs |
| 2 | Community Livestock Assistant | 390 hrs | 2 | Shuttering Carpentry | 160 hrs |
| 3 | Wool Processor | 460 hrs | 3 | Scaffolder | 160 hrs |
| | **Plant Science** | | 4 | Plumber | 390 hrs |
| 1 | Teaplantation and Management | 197 hrs | 5 | Bar Bender | 160 hrs |
| 2 | Mushroom Production | 48 hrs | 6 | Tile Fitter | 160 hrs |
| 3 | Off seasons Vegetable Production | 39 hrs | 7 | Assistant Carpenter | 231 hrs |
| 4 | Horticulture | 335 hrs | 8 | Assistant Plumber | 284 hrs |
| 5 | Sericulture Technical worker | 140 hrs | 9 | Junior Bamboo Artisan | 244 hrs |
| 6 | Assistant Florist | 393 hrs | 10 | Senior Mason Helper | 164 hrs |
| 7 | Garden Designer | 550 hrs | 11 | Junior Wood Artisan | 296 hrs |
| 8 | Flower Decorator | 260 hrs | 12 | Junior House Painter | 152 hrs |
| 9 | Fruit Processor | 390 hrs | 13 | Driving | 390 hrs |
| 10 | Allo Processor | 160 hrs | 14 | Shuttering Carpentry | 390 hrs |
| 11 | Cardamon Processor | 460 hrs | 15 | Scaffolder | 390 hrs |
| 12 | Herb Processor | 460 hrs | 16 | Bar Bender/ Steel Fixer | 390 hrs |
| 13 | Off Season Vegetable Producer | 390 hrs | 17 | Tile and Marble Fitter | 390 hrs |
| 14 | Banana Fiber Craft Person | 460 hrs | 18 | Furniture Maker | 460 hrs |
| 15 | Teaplantation Worker | 390 hrs | 19 | General Carpenter | 460 hrs |
| 16 | Coffee Plantation Worker | 460 hrs | 20 | Marble Polisher | 390 hrs |
| 17 | Bee keeper | 460 hrs | | **Cooking/Baking** | |
| | | | **S.N.** | **Subject** | **Duration** |
| 18 | Community Agriculture Assistant | 390 hrs | 1 | Comercial Cooking Baking | 792 hrs |
| 19 | Vegetable Processor | 550 hrs | 1 | Assistance Cook | 211 hrs |
| | **Computer** | | 2 | Chinese Cook | 390 hrs |
| 1 | Web Designer | 196 hrs | 3 | Indian Cook | 390 hrs |
| 2 | Basic Computer Application | 180 hrs | 4 | Contineltal Cook | 390 hrs |
| 3 | Computer Service Technician | 480 hrs | 5 | Waiter/Waitress | 390 hrs |
| | **Secretarial /Management** | | | **Miscellaneous** | |
| 1 | Saving and Credit Mobilizing | 40 hrs | 1 | Basic Hair and Beauty Culture | 396 hrs |
| | | | 2 | Hair and Beauty Culture | 396 hrs |
| | **Electronics and Electricals** | | 3 | Photography | 200 hrs |
| 1 | Demostric Installation Repair | 390 hrs | | Thanga Arts and Planning | |
| 2 | Telecom Technician | 1380 hrs | | Module 1 | 998 hrs |
| 3 | House Wiring Helper | 270 hrs | | Module 2 and 3 | 992 hrs |
| 4 | House Wiring Electrician | 260 hrs | | Module 4 | 997 hrs |
| 5 | Telecom outside plant Technician | 1150 hrs | | Module 5 | 997 hrs |
| 6 | Building Electrician | 390 hrs | 4 | Module 6 | 1000 hrs |
| 7 | Electrical Appliances Repairer | 460 hrs | 5 | Junior Barber | 233 hrs |
| 8 | TV Radio Repairer | 460 hrs | 6 | Junior Ceramics Assistant | 303 hrs |
| | **Mechanical** | | 7 | Junior Paper Artisa | |
| 1 | Guide for Motorbike Mechanic | 756 hrs | 8 | Hand Embroider | 1120 hrs |
| 2 | Demostric Refrigenator and Air Conditioner | 180 hrs | 9 | Social Mobilizer | 460 hrs |
| 3 | Repairing and Maintenance of Pump Set (Disel Engine and Water Pump) | 280 hrs | 10 | Lathe Setter Operator | 650 hrs |
| 4 | Assistant Welder | 480 hrs | 11 | Fashion Desinger | 390 hrs |
| 5 | Cycle and Riksa Mechanic | 230 hrs | 12 | Beautician | 390 hrs |
| 6 | Repairing & Maintenance of Vehicle | 390 Hrs. | 13 | Shoe Maker | 390 hrs |
| 7 | Backhoe Loader, Exavator Operating | 1000 Hrs. | 14 | Nepali Hand Paper Maker | 520 hrs |

| | | | | | |
|---|---|---|---|---|---|
| 8 | Driving | 720 Hrs. | | | |

**अनुसूची २**

**A. Certificate/Diploma level programs**: The entry requirement for 3 years certificate/diploma level programs is SLC passed at least in second division:

i) **Agriculture**

(1) I.Sc.Ag.(PlantScience)
(2) I.Sc.Ag. (AnimalScience)
(3) Diploma in Food and Dairy Technolog

Opportunities for Higher Education in Engineering Trade: Those who completed these courses as mentioned above can be eligible to sit in entrance examination of bachelor level in related subject.

ii) **Engineering**

(1) Diploma in Civil Engineering
(2) Diploma in Mechanical Engineering
(3) Diploma in Electrical Engineering
(4) Diploma in Electronic Engineering
(5) Diploma in Survey Engineering
(6) Diploma in Computer Engineering
(7) Diploma in Information Technology
(8) Diploma in Architecture Engineering

Opportunities for Higher Education in Health Trade: Those who completed these courses as mentioned above can be eligible to sit in entrance examination of bachelor level in related subject.

iii) **Health/Medical Science**

(1) Proficiency Certificate in General Medicine
(2) Proficiency Certificate in Nursing
(3) Proficiency Certificate in Medical Lab Technology
(4) Proficiency Certificate in Radiography
(5) Proficiency Certificate in Ayurvedic Science
(6) Diploma in Pharmacy
(7) Diploma in Dental Science
(8) Diploma in Ophthalmic Science

The following are the trade-wise programs run under CTEVT system:

B. **TSLC programs**: The entry requirement for following TSLC programs is SLC passed for the course of 15 and 18 months, whereas, under SLC for the course of 29 months.

i) **Agriculture**

(1) JTA (Animal Science)
(2) JTA (Plant Science)

Opportunities for upper level study: Those who complete above mentioned courses by receiving at least 68.66 percent can be eligible to sit in entrance examination of I. Sc. Ag.

ii) **Engineering (Sub-overseer)**

(1) Civil

(2) Mechanical
(3) Electrical
(4) Electronic
(5) Automobile
(6) Junior Computer Technician
(7) Air-conditioning and refrigerator
(8) Sanitary

Opportunities for upper level study: Those who completed above mentioned courses by receiving al least 68.66 percent can be eligible to sit in entrance examination of Diploma in Engineering in related subject.

iii) **Health**

(1) CMA: opportunities for upper level study
(2) ANM: opportunities for upper level study
(3) AAHW: opportunities for upper level study
(4) Dental Hygienist: opportunities for upper level study
(5) Lab Assistant: opportunities for upper level study

Special requirement: SLC must be passed by those who completed above mentioned courses to sit entrance examination of upper level in related subject.

**नगर कार्यपालिकाबाट स्वीकृती**
मितिः २०७५/०४/१४

**प्रमाणिकरण**
मितिः २०७५/०४/१९

आठविसकोट नगर